Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
तपाई हाम्रो घरआँगनको बैंक

www.adbl.gov.np SWIFT:ADBLNPKA

# प्रेस विज्ञप्ति

मुलुकको कृषि क्षेत्र तथा ग्रामीण भेगका कृषक तथा उद्यमीलाई आवश्यक कर्जा प्रवाह गरी ग्रामीण अर्थतन्त्रको बिकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ चार दशक अगाडि स्थापना भएको कृषि विकास बैंक हाल नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजत प्राप्त वित्तीय संस्थाको रुपमा सञ्चालित छ । कृषि बिकास बैंक लि. ले आफ्ना २४१ कार्यालयहरुको कार्य संजाल मार्फत् पूर्व मेची देखि लिएर पश्चिम महाकाली र तराई देखि हिमाल सम्मका ग्रामिण तथा शहरी क्षेत्रका सम्पुर्ण क्षेत्र तथा वर्गका ग्राहकवर्गलाई भरपर्दो तथा विश्वसनिय बैंकिङ्ग सेवा पुऱ्याउँदै आएको छ । प्रतिस्पर्धात्मक बैंकिंग वजारमा शहर देखि ग्रामीण क्षेत्रका दुर्गम स्थानसम्म बैंकिंग सेवा पुऱ्याउने कार्य चुनौतीपूर्ण रहेको छ । तैपनि कृषि विकास बैंक लि.ले आफ्नो परम्परागत कार्यशैलीमा परिवर्तन गर्दै आधुनिक बैंकिंग सेवा प्रदान गर्ने क्रममा आफ्नो कार्य संजाललाई विस्तार गर्दै गएको छ ।

बैंकले बैंकिंग कारोबारतर्फ बिभिन्न प्रकारका निक्षेप संकलन, कर्जा प्रवाह, बैंक ग्यारेण्टी सेवा, विप्रेषण सेवाका साथै नेपाल भित्रका बैंकहरुको आन्तरिक चेक/ विल कलेक्सन तथा चेक/विल खरिद, अर्न्तराष्ट्रिय बैंक तथा वित्तिय संस्थाको चेक/विल कलेक्सन, लकर सेवा जस्ता अन्य सेवाहरु प्रदान गर्दैआईरहेको छ । बैंकले Core Banking System लागु गर्ने प्रक्रियामा अन्तर्राष्ट्रियस्तरको भरपर्दो Banking Software खरिदगर्ने प्रकृया अघिबढाईसकेको छ । यससंगै बैंकले FOREX कारोबार, L/C कारोवार, Online Banking, ATM आदि सेवाहरु प्रदानगर्ने तयारी गरिरहेको छ । रुपान्तरण एवं सुधार प्रक्रियामा रहेको बैंकले आफ्ना बैंकिंग सेवाहरुको बारेमा ग्राहकवर्गलाई सु-सुचित गर्न बजारीकरणका विभिन्न गतिविधिहरु पनि संचालन गर्दै आएको छ ।

सुधार एबं पुर्नसंरचनाको प्रक्रियामा रहेको "क" वर्गको वित्तिय संस्थाको रुपमा बैंकलाई व्यावसायिक रुपमा अघि बढाउने दिशामै हाम्रा सम्पूर्ण कार्यहरु केन्द्रित भएका छन् । हाम्रो सामुहिक प्रयासवाट भरखरै समाप्त भएको आर्थिक बर्ष २०६५।६६ को समयावधि बैंकको लागि ज्यादै नै उत्साहवर्धक रह्यो । कृषि विकास बैंक लि. छोटो अवधिमै वित्तिय बजारमा महत्वपूर्ण व्यावसायिक उपस्थिति जनाउन सफल भएको छ ।

आर्थिक बर्ष २०६५।६६ मा बैंकले गरेको उपलव्धीलाई हामीले बैंककै ईतिहासमा उल्लेखनीय रहेको महसुस गरेका छौ । आर्थिक बर्ष २०६५।६६ को बैंकको समग्र कार्य सम्पादन हेर्दा यसबर्ष सम्ममा बैंकको निक्षेप संकलन रु. ३५.०४ अर्ब पुगेको छ भने कर्जा लगानी रु. ३८.२२ अर्ब रहेको छ । यस बर्ष बैंकले उल्लेखनियरुपमा रु १.६७ अर्ब खुद मुनाफा आर्जन गर्न सफल भएको छ । आर्थिक बर्ष २०६५।६६ मा नेपाल सरकारबाट घोषणा गरिएको ऋण मिन्हा कार्यक्रमलाई सफलतापूर्बक कार्यान्वयन गरी मिन्हा भएको सांवा र ब्याज बापत शोधभर्ना रु. ४.१७ अर्ब नेपाल सरकारबाट प्राप्त गर्न बैंक

सफल भएको छ भनें  यसबाट बैंकको जगेडाकोषमा करीब रु. ३.८९ अर्ब बराबर थप योगदान पुगेको छ तर यो रकम उपरोक्त खुद मुनाफामा समावेस गरिएको छैन । यसबाट बैंकको बित्तिय सवलतामा थप योगदान पुगेको छ । बैंकको निस्कृिय कर्जा ११.६९ प्रतिशत बाट एक अंकमा झर्नगई ८.६६ प्रतिशत पुगेको छ । असुलीमा भएको सुधारका फलस्वरुप गैह् बैकिङ्ग सम्पत्ति र अपलेखित कर्जा बांकी रकममा समेत उल्लेखनिय सुधार आएको छ । बैंकिङ्ग सेवा बिस्तारगर्ने हाम्रो निति अनुरुप बैंकले आफ्ना २४१ कायार्लयमध्ये थप बैंकिङ्ग शाखाहरुको बिस्तारगरी कुल बैंकिङ्ग शाखाहरुको संख्या ८८ वटा पुऱ्याउन सफल भएको छ भने बिस्थापित कार्यालयमध्ये १८ वटा शाखाहरु पुनर्स्थापन भएका छन् ।

तत्कालिन अवस्थामा २०६५ साल मंसिर महिनामा बैंकको ब्यवस्थापनमा परिवर्तन भएपछि बैंकको प्रमुख कार्यकारी अधिकृतको रुपमा मैले जिम्मेवारी सम्हालेपछि छोटै अवधिमा बैंकलाई व्यावसायीक रुपमा अघि बढाउने दिशामै हाम्रा सम्पूर्ण कार्यहरु केन्द्रित भए । यस अवधिमा बैंकभित्र व्यावसायिकता, ब्यावसायिक संस्कृति र प्रणालीको विकास गर्ने दिशातर्फ नै हामी उन्मुख रह्यौं । जस अन्तरगत् खाशगरी जनशक्ति व्यवस्थापन, कर्जा व्यवस्थापन, जोखिम व्यवस्थापन तथा पुरानो कर्जा असुली, शाखा व्यवस्थापन तथा व्यवसाय विस्तार, लेखा, सम्पत्ति तथा दायित्व व्यवस्थापन, ट्रेजरी कारोबार तथा व्यवस्थापन, आन्तरिक लेखा परीक्षण तथा नियन्त्रण, कानूनी कार्य व्यवस्था, तालीम व्यवस्थापन, योजना तर्जुमा तथा कार्यान्वयन, सुचना, प्रविधि तथा CBS, साना तथा लघु उद्यम बिकास, अवकाश कोष ब्यवस्थापन, संस्थागत सुशासन, Rural Finance Sector Development Cluster Program (RFSDCP) अन्तरगत् बैंकको सुधार कार्यक्रम,  Logistic Support तथा ब्यवस्थापन सेवा, भगिनी संस्थाहरुको उचित ब्यवस्थापन आदि क्षेत्रमा बैकले उल्लेखनिय कार्यहरु सम्पन्न गरेको छ ।

समग्रमा हेर्दा यस अवधिमा बैंकको वित्तीय स्थिति एवं समग्र कार्य सम्पादन सकारात्मक रहनुका साथै मुनाफामा भएको उल्लेखनिय उपलब्धीले बैंकको वित्तीय स्थिति सवलतातर्फ उन्मुख भएको छ । आगामी दिनहरुमा यस उपलब्धिलाई कायम राख्दै अघि बढ्ने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

अन्त्यमा,

आगामी दिनमा पनि सम्पुर्ण नेपालीको घर दैलोमा गुणस्तरीय आधुनिक बैंकिंग सेवाहरु पुऱ्याउदै **कृषि बिकास बैंक लि.** लाई "**तपाई हाम्रो घर आंगनको बैंक**" को रुपमा स्थापित गराउन प्रतिवद्ध रहनेछौं । बिभिन्न परिस्थितिका वावजुद बैंकलाई यस अवस्थासम्म ल्याइ पुऱ्याउन सहयोग पुऱ्याउने बिभिन्न सम्बद्ध पक्ष, बैंकका सम्पूर्ण आदरणीय ग्राहकवर्ग एवं सूचना संवाहक संचारकर्मी मित्रहरु प्रति हार्दिक आभार ब्यक्त गर्दछौं । आगामी दिनहरुमा पनि सदा झै सबैको निरन्तर सहयोगको अपेक्षा गर्दछौं ।

धन्यवाद !

(जनकराज शाह)
प्रमुख कार्यकारी अधिकृत
कृषि विकास बैंक लि.

मितिः २०६६/४/१६
काठमाण्डौं ।